प्रदेश सरकार

प्रदेश नं ५

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

बुटवल, नेपाल

## विज्ञहरुलाई सूचिकृत हुने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७६।०१।२४

प्रदेश न ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अनुभवी, योग्य तथा दक्ष नेपाली नागरिकहरु मध्येबाट विज्ञहरुको सूची तयार गरी मन्त्रालयको आवश्यकताका आधारमा अध्ययन अनुसन्धान गर्न तथा विशेषज्ञ सेवा उपलब्ध गराउन ईच्छुक विज्ञहरुबाट तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण भरी निवेदन सहित सुचना प्रकाशन मितिले १५ दिन भित्र सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

**मुख्य उद्देश्यः** सूचीकृत विज्ञहरुबाट कृषि, पशुपक्षि, मत्स्य, भूमि व्यवस्था, कृषि, ईन्जिनियर, सहकारी, गुठी, गरिबी निवारण, ऋण लगानी तथा बचत, सगंठन व्यवस्थापन, कानून, कार्यविधी तथा नियमावली निर्माण, कानून अध्ययन तथा विश्लेषण लगायत यस मन्त्रालयको कार्यक्षेत्र तथा कार्यक्रम सम्बन्धमा विज्ञ सेवाहरु प्रदान गर्ने ।

**न्यूनतम योग्यताः** सेवा सँग सम्बन्धित विषयमा स्नातकोत्तर उत्तिर्ण गरी सम्बन्धित कम्तीमा ५ वर्षको अनुभव भएको ।नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरुमा विशेषज्ञ सेवा सम्बन्धि कार्य गरेको ।

आवेदन पत्रको साथमा बढिमा २ पेजको व्यक्तिगत विवरण तयार गरी यस मन्त्रालयमा दर्ता गराउन तथा **molmacplanning@gmail.com** मा पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस मन्त्रालयको वेभ साईट **molmac.p5.gov.np** मा राखिएको सूचना, व्यक्तिगत विवरण **(CV)** को ढाँचा अध्ययन गर्नु हुन अनुरोध छ ।

०७६।१।२४

विनोद घिमिरे

वरिष्ठ कृषि विकास अधिकृत